हरेक खबर, विशेष खबर

जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७

राष्ट्रिय दैनिक

# लहानपोस्ट

LAHANPOST DAILY

लेख, रचना, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्।

लहानपोस्ट दैनिकको कार्यालय
लहान न.पा.-१०, ग्रामीण चौक
फोन नं.: ०३३-५६१९६७,
९८५२८२४९६७, ९८५२८३९३१५,
९८०२३१९१९२, ९८०२३१९१९३

बर्ष : ०१ अंक : ३७ पृष्ठ : ४ २०७७ भदौ ५ गते शुक्रबार (Friday 21 August 2020) www.lahanpost.com मूल्य रु. ५।-

FOLLOW US facebook: lahanpost YouTube : lahanpost twitter : lahanpost instragram : lahanpost

### विवाद झेल्दै लक्ष्मीपुर पतारी गाउँपालिका

## कार्यालय सहयोगीले कार्यालयको ताला नखोल्दा, कर्मचारी बाहिरैबाट फर्के





लहान । बर्सेनि विभिन्न बहानामा विवाद झेल्दै आएको लक्ष्मीपुर पतारी गाउँपालिकामा पछिल्लो पटक प्रमुख प्रशासकीय अधिकृत र गाउँपालिका अध्यक्ष बीचको टकराव बढेको छ । जसका कारण गाउँपालिकाको काम प्रभावित भएको छ ।

बिहिबार कार्यालयमा पुगेका कर्मचारीहरु लक्ष्मीपुर पतारी गाउँपालिकाको गेटबाटै फर्किनुपरेको छ । कारण गाउँपालिकाका कार्यालय सहयोगीले ताला खोल्न नै मानेन । त्यस दिन दैनिक प्रशासनिक काम हुन सकेन । गाउँपालिका अध्यक्षले नै कार्यालय सञ्चालन नगर्न भनेको भन्दै आफूले ताला खोल्न नसक्ने कार्यालय सहयोगीले कर्मचारीलाई जानकारी गराएका थिए ।

सरुवा भएर आएका अधिकृत सुजितकुमार यादवले गाउँपालिका अध्यक्ष रामबल्लभ साहले हाजिरी हुन आफूलाई रोक्न खोजेको र जिल्ला प्रशासन कार्यालयमा जानकारी गराएर हाजिरी भएपछि अहिले दैनिक कामकाजमा बाधा दिने गरेको आरोप लगाए ।

'हाजिरी हुँदा गाउँपालिका अध्यक्षले अहिले तपाई दैनिक प्रशासनिक काम नगर्नु, निमित्तलाई यो आर्थिक वर्ष काम गर्न दिनु भनेका थिए,' अधिकृत यादवले भने, 'त्यहीदेखि विवाद सुरु भएको छ । काम गर्ने वातावरण पनि हुन दिएको छैन्, दबाबमा काम गर्नुपरेको छ ।' विवादले गाउँपालिकाको गाउँसभा पनि हुन सकेको छैन् । जनप्रतिनिधिले गाउँसभाको लागि छनौट गर्नुपर्ने योजनाहरु ल्याउन सकेको छैन् । आर्थिक ०७६/०७७ मा विकासका काम गरेका अधिकांश उपभोक्ता समितिको रकम पनि निकासा भएको छैन् ।

यता, गाउँपालिका अध्यक्ष साहले आफुले तालाबन्दी गर्न नलगाएको बताएका छन् । 'कोरोना छ, चाडपर्व पनि छ, कर्मचारी पनि कमै आएको थियो, त्यही भएर बिहिबार कार्यालय खुलेन,' गाउँपालिका अध्यक्ष रामबल्लभ साहले भने,'आइतबारबाट कार्यालय खुल्छ, काम हुन्छ ।' प्रशासकीय अधिकृतले हरेक कुरामा अटेरी गरिरहेको उनको आरोप छ ।

**बर्सेनि विरोध**

लक्ष्मीपतारी गाउँपालिका कार्यालयबाट भएका कामकाजको हरहिसाब सार्वजनिक गर्न कांग्रेस र नेकपाले बर्सेनि माग गर्दै आएका छन् । हिसाब सार्वजनिक नगरे आन्दोलनमा उत्रिन बाध्य हुने उनीहरूले सुझाएका छन् । उनीहरूले पतारी पोखरीमा १ करोड १८ लाख रुपैयाँ निकासा गरी अधुरो काम गरेको लगायत गाउँपालिकाले मनपर्दी बजेट विनियोजन गरेको र योजना काममा अनियमितता भएको आरोप लगाउँदै त्यसको हिसाब सार्वजनिक गर्न बर्सेनि माग गर्दै आएका छन् । कांग्रेसका प्रत्यासी उम्मेदबार चतुरानन्द ठाकुरले पतारी पोखरी निर्माण, दुर्गा भगवतीको

बाँकी ३ पेजमा

## श्रमजीवि अस्पताललाई सिजी ग्रुपद्वारा 'भेन्टिलेटर' सहयोग



लहान । सिरहाको धनगढीमाई नगरपालिका-११ स्थित श्रमजीवि केयर अस्पताललाई चौधरी ग्रुपको चौधरी फाउण्डेशनले 'भेन्टिलेटर' सहयोग गरेको छ । बिहिबार अस्पताल परिसरमा एक कार्यक्रम गरी भेन्टिलेटर हस्तान्तरण गरिएको छ ।

ग्रामीण क्षेत्रमा संचालित अस्पतालमा भेन्टिलेटरको सुविधा थपिएको छ । अस्पताल प्रविधिमैत्री भएपछि विरामीलाई सेवा संचालनमा मद्दत पुग्ने अस्पतालका निर्देशक पंचलाल महतोले बताए । कोरोनाको बेला अस्तालालाई भेन्टिलेटर सहयोगले ठूलो उपकार भएको उनले बताए ।

कार्यक्रममा धनगढीमाई नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत शिवराज चौलागाई, वडाध्यक्ष गंगा यादव, श्रमजीवी सहकारीका संस्थापक सुशिलचन्द्र अधिकारी, फाउण्डेशनका प्रतिनिधि रामजी कटुवालगायतको उपस्थिति थियो ।

### तीज विशेष

**तीजको अर्थतन्त्र**

पेज ३ मा

**तीज, गणेश चतुर्थी र चौरचन बीचको अन्तर**

पेज ३ मा

## कारागारका दुई थुनुवासहित १५ जनामा कोरोना पुष्टि

लहान । जिल्ला कारागार सिरहामा पुर्पक्षका लागि थुनुवामा रहेका दुईजना पुरुषसहित १५ जनामा बिहीबार कोरोना संक्रमण पुष्टि भएको छ । स्वास्थ्य कार्यालय सिरहाका अनुसार चोरी र बलात्कार मुद्दामा पुर्पक्षका लागि थुनुवा रहेका २० वर्षका उनीहरुमा कोरोना संक्रमण पुष्टि भएको हो । यसबाहेक सिरहाको कल्याणपुर, गोलबजार, धनगढीमाई नगरपालिका र भगवानपुर गाउँपालिका क्षेत्रका एक महिलासहित १३ जनामा पनि संक्रमण पुष्टि भएको स्वास्थ्य कार्यालय सिरहाका प्रमुख कृष्णदेव यादवले बताए ।

प्रमुख यादवका अनुसार धरानस्थित बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा गरिएको परीक्षण अनुसार कल्याणपुरका चारजना, गोलबजारका दुईजना, धनगढीमाईका दुईजना र भगवानपुरका पाँचजना व्यक्तिमा कोरोना संक्रमण पुष्टि भएको हो । संक्रमितहरु २० देखि ४५ वर्ष उमेर समूहका छन् ।

यसअघि बुधबार गोलबजार नगरपालिकस्थित इलाका प्रहरी कार्यालयका १० जना प्रहरी, पाँचजना सर्वसाधारण, सिराहा नगरपालिकाका नौजना र नरहा गाउँपालिकाका एक गरी २५ जना संक्रमित भएका थिए । संक्रमितहरुलाई धनगढीमाई नगरपालिकाको छपराढीस्थित महेन्द्र गेनाई कोरोना विशेष अस्थायी अस्पताल र सिरहा कोभिड अस्पतालको आइसोलेसनमा राखेर उपचार भइरहेको स्वास्थ्य कार्यालयले जनाएको छ ।

**स्थानीय सरकारको वर्तमान अवस्था**

स्तम्भ : पालिका बहस

पेज ४ मा

**सुवर्ण अवसर ! सुवर्ण अवसर !! सुवर्ण अवसर !!!**

हिमालय सुगर मिल्सको ई. डी. सरेश सर्राफ, महाप्रबन्धक टे. सत्य नारायण कुशवाहा तथा महाप्रबन्धक उखु प्रशासन अवध किशोर यादव साथमा उखु विभागका जिल्लाभरीको फिल्ड स्टाफ जे.टि.ए.उखु विकास अधिकृतहरूको उपस्थितिमा भदौ, असोज र कार्तिकमा उखु खेतीबारे छलफल तथा यस वर्षको लागि उखु रोपाईँको सिजन गर्नुपर्ने भएकोले आ-आफ्नो खेतीयोग्य जग्गालाई राष्ट्र तथा आफ्नो विकासमा लगाई सुवर्ण अवसरलाई सदुपयोग गर्नु हुनका लागि सम्पूर्ण कृषक महानुभावहरूमा अनुरोध छ ।

**हार्दिक शुभकामना**

सिरहाको लहानबाट "**लहान पोस्ट**" राष्ट्रिय दैनिक पत्रिका र 'www.lahanpost.com' प्रकाशनमा आएको हुँदा यस पत्रिकाको उत्तरोत्तर प्रगतिको कामना गर्दै शुभकामना व्यक्त गर्दछु ।



**डा. सुभाषचन्द्र यादव**
महासमिति सदस्य
नेपाली कांग्रेस

## सम्पादकीय

# घरमै मनाऔं तीज

नेपाली नारीहरुको महान पर्व हरितालिका तीज बर्सेनि धुमधामकासाथ मनाउने गरिएको छ । तीजलाई संस्कृतमा 'हरितालिका' भनिन्छ । तीजको आफ्नै मौलिकता छ । यो धार्मिक, सांस्कृतिक पर्व हो । तीज, संस्कार र संस्कृतिमा निकै धनी हामी नेपालीहरुले परापूर्वकालदेखि मनाउन थालेको यो पर्वको शैली र प्रकृतिमा समयसँगसँगै केही पृथकता देखिन थालेको छ ।

महिला वर्गलाई दोस्रो दर्जाको नागरिकका रुपमा हेर्ने प्रवृति आज पनि हट्न सकेको छैन । विगतमा त झन् महिला कुवाको भ्यागुतो समान थिए । तीज पर्वकै बेला मात्र माइतीघर जान पाउने, नयाँ कपडा लगाउन पाउने प्रचलन प्राचीन समाजमा व्याप्त थियो । वर्षदिनमा एकपटक आफू जन्मेको धर्ती टेक्न पाउँदाको खुशीमा उन्मुक्त भएर नाच्न पाउँदा उनीहरू आफ्ना पीर, व्यथा सबै चटक्कै भुल्दथे । आज समयसँगसँगै महिलाहरू शिक्षित र चेतनशील बन्दैछन् । महिला हक र अधिकारका कुराहरू दिनदिनै उठिरहेका छन् ।

पुरुषसरह हरक्षेत्रमा महिलाहरूले आफूलाई क्रियाशील बनाउँदै लगिरहेका छन् । आज महिलाको जीवनशैली र सामाजिक गतिविधिमा केही परिवर्तन आए तापनि तीज पर्वको सांस्कृतिक महत्व र गरिमा भने दिन प्रतिदिन व्यापक बन्दै गएको छ । 'हरितालिका' का बारेमा विभिन्न किसिमका भनाइहरू पाइन्छन् । महिलाहरू तीज पर्वमा नाच्ने, गाउने, रमाइलो गर्ने तथा आफ्ना साथीसङ्गी तथा चेलीबेटीहरूलाई बोलाएर मीठा–मीठा परिकारहरू बनाएर ख्वाउने गर्दछन् । यसरी तीजको अघिल्लो दिन राती खाइने चीजलाई 'दर' भन्ने चलन रहेको छ । व्रतालु महिलाहरूले तीजको दिन निराहार व्रत बस्दछन् र त्यसको भोलीपल्ट गणेशको पूजाआजा गरेर व्रत समापन गरेपछि मात्र खाना खान्छन् । तीज गीत भाद्र शुक्ल तृतीयाको दिन व्रत बसेका नारीहरू जम्मा भएर नृत्यका साथ गाउने गर्दछन् ।

पितृसत्तात्मक समाज व्यवस्था भएकाले नेपाली महिलाहरूले विवाह गरी श्रीमान्को घरमा जानुपर्दछ । विवाह पश्चात कर्मघर भएको चेलीले माइत आउनका लागि तीज नै कुर्नुपर्ने बाध्यता विगतमा थियो । जस्तोसुकै अप्ठ्यारोमा पनि बुहारीलाई घरबाट माइती पठाउनुपर्दथ्यो । तीजमा बुहारीलाई माइती नपठाउनेहरूलाई नराम्रो रुपमा लिइन्थ्यो विगतमा जस्तो हिजोआज माइतीले आफ्नो कामै बिताएर चेलीवेटी लिन जानुपर्ने प्रचलन आज छैन ।

टेलिफोन लगायतका प्रविधिको सहयोगबाट बोलाइएको निमन्त्रणाबाट पनि चेलीहरू माइती आउने गर्दछन् । माइती लिन नआए घरबाट नपठाउने भन्ने चलनमा आजभोलि परिवर्तन आएको छ । यस्ता पुरातनवादी सोचहरूलाई भने समयसँगै हटाउन सकेको खण्डमा तीज पर्वको महत्व झनै बढ्दै जाने देखिन्छ । तीज र माइती बीच अन्योन्याश्रित सम्बन्ध रहने भएकै कारण होला तीजमा कामकाजी महिलाहरू पनि समय मिलाएर माइत जाने गर्दछन् । विगतमा बुहारीलाई परिवारको सदस्यका रुपमा भन्दा पनि घरका काम गर्ने मान्छेको रुपमा हेरिन्थ्यो । उनीप्रति परिवारका कुनै सदस्यहरूले माया र आत्मीयता दर्शाउँदैन थिए । बुहारीलाई खाली कर्कस गरिन्थ्यो, दुःख र पीडा दिइन्थ्यो । तसर्थ आफूले वर्षभरी भोगेका ती दुःख र पीडाहरूलाई व्यक्त गर्ने माध्यम भनेको चेलीहरूका लागि तीज नै थियो । हिजोआज त्यो सोचाइमा केही कमी आएका कारण महिलाहरू आफ्नो व्यक्तिगत दुःख र गुनासाहरू भन्दा पनि समसामयिक विषय, राजनीतिक र सामाजिक क्रियाकलापहरूलाई गीतका रुपमा प्रयोग गरेर तीज मनाउन थालेका छन् । यसबाट तीजपर्वको महत्व झनै बढ्दै गएको छ ।

तीज महिलाले मनाउने प्रमुख चाड हो । तर आज भोली तिज पर्व मौलिक संल्कृति, परम्परा र रितीरिवाज भित्रको भन्दा अली फरक बन्दै गएको छ, उत्ताउला गीत संगित सहितको महंगा महंगा पहिरन र गरगहनाको प्रदर्शन बन्दै गएको छ, तीज समानताको तीज बन्न सकोस ता की गाउँमा बसेर घाँस दाउरा, डोको नाम्लो ,ढिकी जाँतो र मेलापात गर्ने नारीको पनी तीज बन्न सकोस, तडक भडक र भड्किलो होइन, सभ्य, सरल र संस्कृतीको तीज बन्न सकोस । विश्वले नै कोरोना महामारीको संक्रमण झेलिरहेको बेला भौतिक दूरी कायम गरि सकिन्छ भने घरमैं बसेर तीज मनाऔं । शुभ कामना !

# प्रदेश २ को अवस्था, सम्भावना र चूनौती

अघिल्लो अंकको बाँकी

**शिव नारायण महतो**

### गरिबी

गाँस, बास, कपास, स्वास्थ्य, शिक्षा, सुरक्षा जस्ता अधारभूत आवश्यकता पूरा गर्न नसक्नुको साथै आर्थिक, सामाजिक, सांस्कृतिक, राजनीतिक एवं मानव विकासको अवसरबाट पछि परेको व्यक्ति गरिब हो भने गरिबले भोग्नु परेको कष्टप्रदपूर्ण अवस्था नै गरिबी हो ।

आथिक विकास र समृद्धिका दृष्टिकोणले प्रदेश नं २ ओरालो लाग्दो अवस्थामा देखिएको छ । केन्द्रीय तथ्यांक विभागले सन २०१३ मा प्रकाशन गरेको Sale Area Edtiation of Poverty, 2011 मा उल्लेखित अवस्थालाई विश्लेषण गरेर हेर्ने हो भने विगत डेढ दशक अगाडि प्रदेश नं २ अन्तर्गतका सबै जिल्ला उच्च समृद्धि स्तर भएका जिल्लाको श्रेणीमा पर्दथे । तर पछिल्लो समयमा यो प्रदेश अन्तर्गतका आठ जिल्ला मध्ये तीन जिल्ला मध्यम समृद्धि स्तर र तीन जिल्ला न्यून समृद्धि स्तर भएका जिल्लाको श्रेणीमा परेका छन् । महोत्तरी र सर्लाही मात्र उच्च समृद्धि स्तर भएका जिल्लाको श्रेणीमा छन् । यसो हुनुका प्रमुख कारण राजनीतिक नेतृत्वले आम नागरिकको सामाजिक न्याय र समतामूलक समाज सहितको समृद्धिको चाहनालाई सुनिश्चित गर्न नसक्नु, भ्रष्टाचार तथा अनियमितता मौलाउनु र शिक्षा तथा स्वास्थ्यको क्षेत्रमा प्रभावकारी रुपमा कार्य हुन नसक्नु नै हो । राष्ट्रिय योजना आयोगले प्रदेशगत हिसाबले तयार पारेको नेपाल बहुआयामिक गरिबी सूचकांक २०७४ का अनुसार २ र ६ नं प्रदेशमा गरिबी उच्च रहेको देखाएको छ ।

प्रतिवेदन अनुसार नेपालमा अहिले औसतमा २८ दशमलव ५ प्रतिशत बहुआयामिक रूपबाट गरिब रहेका छन् । प्रतिवेदनअनुसार सन् २००६ देखि सन् २०१४ को अवधिमा नेपालको गरिबी आधा घटेको बताएको छ । तर प्रदेश नं २ का जिल्लाहरु उच्च समृद्धि स्तरबाट मध्यम र निम्न स्तरमा पर्नुले यस प्रदेशमा गरिबी बढेकै देखिन्छ । बुहआयामिक गरिबको सूचकांक उपभोगको अवस्था मात्र नभई शिक्षा, स्वास्थ्य र समग्र जिवनस्तरमा आम नागरिकहरुको पहुँचका आधारमा तयार पारिएको उक्त प्रतिवेदनले प्रदेश नं २ मा ४७/८९ प्रतिशत गरिबी रहेको देखाएको छ । यो कुपोषण, मृत्युदर, न्यून शिक्षा, विद्यालय उपस्थिती, सरसफाइ, खाना पकाउने इन्धन, शुद्ध खानेपानी, विद्युत, घरको बनाबटमा, स्थायी सम्पत्तिमा जस्ता १० वटा सूचकहरुको आधारमा तयार पारिएको छ । यस प्रतिवेदनले प्रदेश नं २मा शिक्षा स्वास्थ्य , खाना पकाउने इन्धन, सरसफाइ र घरको बनाबटमा बढी समस्या देखाएको छ । अर्थात प्रदेश नं २ मा शिक्षा, स्वास्थ्य र जीवनस्तरमा समस्या भएकाले गरिबी बढी भएको देखिन्छ ।




### पर्यटन

प्रदेश नं २ मा पर्ने भुगोल ईतिहासमै अब रहेको छ जहाँ राजा जनक, सलहेस, दीनाभद्री लगायतका वीर योद्धाहरुको जन्म र कर्मभुमि यहि प्रदेशमा रहेको छ । चराका लागि प्रसिद्ध कोसीटप्पु वन्यजन्तु आरक्षदेखि अर्ना पाइने पर्सा वन्यजन्तु आरक्ष प्रदेश २ मा पर्दछ । त्यस्तै छिन्नमस्ता क्षेत्र, धनुषाधाम, जानकी मन्दिर, गढीमाई, जलेश्वरनाथ , कंकालनी मन्दिर यस प्रदेशको अर्को आकर्षक पर्यटकीय गन्तव्य हो ।

### साक्षरता र शैक्षिक पूर्वाधार

साक्षरताका आधारमा विश्लेषण गर्दा राष्ट्रिय जनगणना २०६८ का आधारमा प्रदेश नं २ सबैभन्दा पछाडि रहेका छन । यस प्रदेशको साक्षरता प्रतिशत ४९/५ मात्र छ । जबकी नेपालको कूल साक्षरता प्रतिशत ६५/९४ रहेको छ । प्रदेश नं २ मा सबैभन्दा बढी साक्षरता पर्साको (५५/९० प्रतिशत) छ भने सबैभन्दा कम रौतहट (४१/६९ प्रतिशत) को छ । प्रदेश २ का जिल्लाहरुको साक्षरताको विवरण तलको नक्साबाट सजिलैसँग तुलना गर्न सकिन्छ । शिक्षा मन्त्रालयले विसं २०७२ सालमा प्रकाशित गरेको विद्यालयस्तरको शिक्षा सम्बन्धि तथ्यांक Flash Report का आधारमा हेर्दा विद्यालय शिक्षाको पूर्वाधारका हिसाबले प्रदेश २ मा ३५८६ विद्यालयहरु रहेका छन् जुन समग्र देशको करिब १० प्रतिशत मात्रै हो । जसमा आधारभूत तह (कक्षा १ देखी ८ सम्म) २९०९ वटा र माध्यमिक तह (कक्षा १ देखि १२) ६७७ वटा रहेका छन् । त्यसैगरी यस प्रदेशमा नेपालको करिब ५ प्रतिशत संस्थागत विद्यालयहरु रहेका छन । यसरी विद्यालयका भौतिक पूर्वाधार सामुदायिक र संस्थागत दुवैमा प्रदेश २ कमजोर रहेको छ । उच्च शिक्षाका पूर्वाधारको हिसाबले समेत प्रदेश २ अरू भन्दा पछाडि रहेको देखिन्छ । य स प्रदेशमा राजसी जनक विश्वविद्यालय भर्खरमात्र संचालनमा आएको छ । प्रदेश २ मा एकमात्र ईन्जियरिङ क्लेज जनकपुरमा र एकमात्र मेडिकल क्लेज वीरगंजमा रहेका छन ।

### स्वास्थ्य र खानेपानी

स्वास्थ्यको पहुँच र सुविधा सम्बन्धी अध्यावधिक तथ्यांकहरु उपलब्ध नभएकाले यहाँ मानव विकास प्रतिवेदन र खानेपानी तथा सरसफाइ विभागको दक्षिण एशियाली सरसफाइ सम्मेलनमा प्रस्तुत गरिएको प्रतिवेदनमा भेटिएका स्वास्थ्यका केही आधारभूत सूचकहरूलाई विश्लेषण गरिएको छ ।

सरसफाइमा पहुँचको हिसाबले प्रदेश नं २ सबैभन्दा पछाडि रहेका छन् । प्रदेश नं २ मा २० प्रतिशत जनसंख्यालाई सरसफाइको पहुँच, विषेशगरी शौचालयको पहुँच छ । खानेपानीको पहुँचमा प्रदेश २ मा ७७ प्रतिशत जनसंख्यालाई समेटेको भएता पनि प्रतिव्यक्ति सरदर आयुको हिसाबले प्रदेश २ नेपालको अन्य प्रदेशको तुलनामा अगाडि देखिन्छ । यहाँको सरदर प्रतिव्यक्ति आयू ७० .४३ वर्ष रेहको छ । जबकि नेपालको औषत आयू ६८८० वर्ष रहेको छ ।

### प्रदेश नं २ का सम्भाव्यताहरू

सन् २०१४ को मानव विकास प्रतिवेदनमा प्रदेश नं २ निकै पछाडि रहेको छ । त्यसैगरी स्थानीय निकायको स्रोत परिचालनमा पनि यो क्षेत्र निकै कमजोर छ । यसो हुनुमा वित्तीय अनुशासनको निकै कमजोर छ । यसो हुनुमा वित्तीय अनुसारको कमी, भ्रष्टाचार र अति राजनीतीकरण नै प्रमुख कारण हो । यसले आर्थिक र सामाजिक हिसाबले यो क्षेत्रको दारूण अवस्था प्रस्ट हुन्छ । तथापी राम्रोसंग व्यवस्थापन गर्न सकेको खण्डमा यो एक समृद्ध प्रदेश बन्न सक्ने छ । समथर भूभाग, धेरै जनसंख्या उच्च प्रतिव्यक्ति आयु, प्रशस्त खेतीयोग्य जमिन, देशको कूल ग्राहस्थ उत्पादनमा कृषि, मत्स्यपलन र उद्योगको क्षेत्रगत योगदान बढी रहेकाले यस प्रदेशको समृद्धिका लागि धेरै सम्भावना रहेका छन । यस प्रदेशमा रहेका केही सम्भाव्यताहरु निम्नानुसार रहेका छन ।

- कृषिमा उद्योगहरुलाई चाहिने कच्चा पदार्थ उत्पादन गर्न ठूल्ठूला उद्योगहरु स्थापना गर्न सहयोग पुऱ्याउने,
- पशुपालन, माछा तथा आँप, लिचिलगायत अन्य कृषि उत्पादन अन्य प्रदेशलाई आपूर्ति गर्न सकिने,
- औद्योगिक कोरिडोरका लागि भूमिनीति तयार गरी पूँजीपतिलाई आकर्षण गर्ने र ठूलाठूला उद्योग स्थनपित गराउने,
- युवालाई प्रविधि सीप तथा ज्ञान प्रदान गरी उद्योगलाई चाहिने खालको जनशक्ति उत्पादन गर्ने,
- औद्योगिक लगानीमा आन्तरिक तथा बाह्य लगानीमा भइरहेको वृदि,
- खुल्ला बोडरलाई व्यवस्थित गरी छिमेकी राष्ट्रसंग बजारमा आफ्नो बजारको पहुँच तथा आयात निर्यात व्यवसायलाई प्राथमिकता दिने,
- ग्राम्रीण औद्योगिकीकरण अवधारणाअनुरूप स्थानीय स्रोतमा आधारित सानासाना उद्योगको कच्चापदार्थको आपूर्ति गर्न सकिने,
- प्रदेशमा भएको औद्योगिक पूर्वाधारहरु जस्तै भन्सार, ड्राइपोर्ट, नारायणी रंगशाला, शिक्षण संस्था तथा पर्यटकीय स्थललाई आधुनिकिकरण गरी आय स्रोतलाई दिगो बनाउने
- भारतसंगको समतल खुला सिमानाका कारण उद्योगका लागि चाहिने कच्चा पदार्थको सजिलै तथा कम लागतमै आयत गर्न सकिने

बाँकी ४ पेजमा

भौतिक दुरी कायम गरी कोरोना भाइरसको संक्रमणबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।

-: जनहितका लागि :-

हरेक खबर, विशेष खबर जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७ राष्ट्रिय दैनिक लहानपोस्ट LAHANPOST DAILY

## तीज विशेष

# तीजको अर्थशास्त्र



धरणीधर अधिकारी

पूर्वीय अध्यात्म दर्शन र पुराणहरुमा गरिएको वर्णनानुसार पार्वतीका पिता हिमालय पर्वतले छोरी पार्वतीको विवाह भगवान बिष्णुसंग गरिदिन चाहेको तर स्वयं पार्वती भने भित्री मनदेखि भगवान शिवलाई पतिका रुपमा प्राप्त गर्न चाहन्थिन् र उनलाई असाध्यै माया पनि गर्थिन् । पिताजीको इच्छा विपरीत उनी दरबारबाट भागेर एकान्तबास गरि भगवान शिवकालागि निरन्तरको ध्यान र तपस्यामा लीन भईन् । यसरी उनको निरन्तरको तपस्याबाट शिवजी खुशी भई उनका सामु प्रकट भए र उनको इच्छा पुरा गरिदिने बचन दिएकोले यस प्रसंग पश्चात् अविवाहित महिलाहरु आ`नो इच्छा अनुसारको वर प्राप्त गर्न वा आ`नो प्रेमीसंग विवाह गर्न हेतु र विवाहित महिलाहरु आ`नो पतिको सुस्वास्थ्य तथा दीर्घायुको कामनाका खातिर हरेक वर्षको भाद्र शुक्ल पक्षको द्वितीयाका दिन सांझ अबेर सम्म आ-आ`नो गच्छे अनुसार मिठो-मसिनो,मिष्ठान्न भोजन (दर) खाई भोलिपल्ट तृतीयाका दिन निरहार ब्रत बसी महिलाहरु आ-आ`ना साथी संगीसंग दिनभर नाचगान गरि रमाईलोसंग आ`नो ब्रतको भोक तिर्खा भुल्ने गर्दछन् ।

त्यस्तै भोलि पल्ट गणेश चतुर्थीको पूजाआजा गर्ने गर्दछन् । पर्सिपल्ट पंचमीको दिन समेत ब्रत बसी बिधिपूर्वक समूहमा बसेर सप्त ऋषिको पूजा-आजा गर्ने प्रचलन छ । पंचमीका दिन आ-आ`नो पितृ ऋणका साथै हिन्दू महिलाहरुले रजश्वला हुंदा वर्ष भरिमा जानी नजानी भए-गरेका छोईछिटोका दोष निवारणकालागि समेत सप्तऋषिको पूजा गर्नुपर्ने धार्मिक मान्यता रहेको छ । परम्परागत रुपमा तीजलाई बिशेष गरि विवाहित छोरी-चेलीसंगको सामिप्यताकोलागि उनीहरुका दु:ख-सुख साट्ने, रमाईलो गर्ने, माइती-चेलीको प्रेम-स्नेह साटासाट गर्ने पर्वका रुपमा लिईन्थ्यो । त्यसका लागि माइतीहरु चेली लिन उनका घर जाने र चेलीलाई संगै माइत लिएर आउने प्रचलन थियो र १-२ दिन अनिवार्य माइत बस्ने प्रचलन थियो । हिजो जस्तो लाग्छ, त्यो हाम्रै पालामा प्रचलनमा रहेको । आज संचार-प्रविधि, सडक, यातायातको विकास संगै चेली-माइतीको सामिप्यता पनि बढाएको छ भने पेशागत र व्यवसायिक व्यस्तताले तीजमा माइत बस्न जाने प्रचलन पनि लोप हुन थालेको छ । बदलिदो आर्थिक सवलताले गर्दा चेलीलाई माइतीको मिठो मसिनो र मिष्ठान्नको आश पनि हराउन थालेको छ ।

एकातिर शहरीया जनमानसको आर्थिक स्तर र आर्थिक सवलतासंगै तीज मनाउने प्रचलनमा समेत दिनानुदिन परिवर्तन भइरहेको छ भने अर्को तिर दूरदराजका ग्रामीण भेगमा मानिसहरु आर्थिक जर्जरता संगै छटपटाइरहेको जगजाहेर छ । संचार-प्रविधि र बदि्लंदो जीवनस्तर र जीवनशैलीका कारण तीजको महिमामा पनि परिवर्तन भई यो भड्किलो बन्दै गइरहेको देखिन्छ । भाद्र शुक्ल पक्षको द्वितीया तिथिका दिन दर खाने धार्मिक र सांस्कृतिक प्रचलन रहेता पनि अचेल राजधानी काठमाण्डौं लगायतका शहरिया महिलाहरु एक महिना पहिलै देखि विभिन्न क्लव, पार्टी र समूहका नाममा आ`ना-आ`ना दौतरीहरुसंग पार्टी प्यालेसमा भेला भई भड्किला पहिरन र श्रृंगारमा सजिएर दिनभरी नाचगान गरि रमाउने, दरका नाममा माछा-मासु, वाइन, बियर लगायतका पेय पद्धार्थ सेवन गर्ने जस्ता कृयाकलापमा ब्यस्त देखिन्छन् ।

अर्को तर्फ दूरदराजका ग्रामीण महिलाहरु तीजका दिन आधापेट जाउलो खाना नपाइरहेको कुरा जगजाहेर छ । त्यस्तै नेपाल जस्तो विकाशोन्मुख देशमा जहां कुल जनसंख्याको ६६५ साक्षरता त्यसमा महिला साक्षरता ५७५ र पुरुष साक्षरता ७५५ ( राष्ट्रिय जनगणना २०६८) मात्रै छ ।

अर्को तर्फ बिशेष गरि ग्रामीण महिलाहरु छाउपडी, बालविवाह, दाइजो (दहेज), बोक्सीको आरोप, महिला हत्या-हिंसा, बलात्कार जस्ता समस्याबाट ग्रसित र प्रताडित छन् । छोरीको भ्रुण हत्या खुलमखुल्ला भैरहेको तर्फ समाज मौन रहनुले पक्कै पनि राम्रो भविष्यको संकेत गर्दैन । छोरीलाई शिक्षामा छोरा सरह समान अधिकारबाट बन्चित गरि आर्थिक उपार्जनमा सक्षम नबनाई त्यसको प्रतिस्थापनमा दाइजो दिएर खुशी पार्नु भन्दा शिक्षा र सीपले दीक्षित बनाई आत्मनिर्भर बनाउदा भोलि उनी र उनका सन्तान-दरसन्तानलाई मात्रै नभई समग्र सामाजिक आर्थिक विकासमा टेवा पुग्ने थियो । जसले महिला हिंसा रोक्न समेत महत्वपूर्ण भूमिका पुग्ने थियो ।

तीज र चांडपर्वका नाममा हुने चुरा-पोते, महंगा गर-गहना, महंगा र भड्किला पहिरन, महंगो र भड्किलो पार्टीका नाममा अर्थात् गैरसांस्कृतिक दरमा हुने अरबौंको अनावश्यक कृयाकलापमा हुने आयात रोकी त्यसलाई ग्रामीण दूरदराजका महिला दिदीबहिनीहरुको शिक्षा, स्वास्थ्य र सीप विकासमा खर्च गरि सामाजिक सांस्कृतिक रुपान्तरण गर्न सके समग्र महिलाको मात्रै नभई आम पुरुषहरुको पनि आर्थिक-सामाजिक रुपान्तरण हुने निश्चित छ । एउटा छोरीको शिक्षा र सीपको विकासमा गरिएको लगानीले समग्र परिवार, समाज र राष्ट्रको विकास अवस्यम्भावी छ । तसर्थ समग्र राजनैतिककर्मी, महिला अधिकारकर्मी, महिला राजनीतिकर्मी तथा समाजसेवी तथा राज्यको ध्यान त्यस तर्फ जानु जरुरी छ । आज आर्थिक अभाव, गरिबी एवं घरेलु हिंसाका कारण प्रताडित भई अधिकांश महिलाहरु आत्महत्या गर्न बाध्य छन् । त्यस तर्फ समेत समाज र राज्यको ध्यान जानु जरुरी छ । देशको आधा भन्दा बढी जनसंख्या ओगटेका महिलाले तीज लगायत चाडपर्वलाई भड्किलो रुपमा मनाउनु भन्दापनि त्यो शक्तिलाई महिला अधिकार प्राप्तिका लागि, सामाजिक, सांस्कृतिक रुपान्तरण र राजनैतिक अधिकार प्राप्त गरि आर्थिक सबलीकरणका लागि शिक्षा र सीप विकासमा लगाउन सके मात्रै महिला सशक्तिकरण हुने निश्चित छ त्यसकालागि बिलम्ब नगरौं । गरिबीका कारण निम्तिएका सामाजिक, सांस्कृतिक समस्या, पारिवारिक बिखण्डन र समाजको बिग्रहलाई रोक्न जरुरी छ । त्यसका लागि नियम कानुनको निर्माण गर्ने संघीय तथा प्रान्तीय सरकार, संसद, सम्बन्धित निकाय, र पालन गर्ने, गर्न लगाउने स्थानीय सरकार र स्थानीय प्रशासनको सफल प्रयास जरुरी छ । नत्र बलात्कार गरि हत्या गरिएकी निर्मला पन्त र न्यायकालागि छट्पटाएका निर्मला पन्त लगायतका पिडितका परिवारले सधैं सराप्ने छन् । स्मरण रहोस् , यसपाली भने कोरोना भाइरसको संक्रमणबाट हुने कोभिड-१९ रोगले यस्ता भड्किला तीज लगायतका चाडपर्वलाई सरल र सिमित गर्नका लागि सकारात्मक काम गरेको छ । समग्र बजार र आर्थिक क्षेत्रलाई नकारात्मक असर पारेको कोरोनाले घरपरिवार संगै बसेर पनि चाडपर्व मनाउन सकिन्छ भन्ने सन्देश समेत दिएको छ । चाडपर्वलाई आ`नो धर्म, परम्परा, संस्कृतिलाई संरक्षण गर्ने हिसाबबाट मात्रै मनाउन पनि सकिन्छ । **चेतना** भया ।

# तीज, गणेश चतुर्थी र चौरचन बीचको अन्तर



राजकुमार राउत

नेपालको राष्ट्रिय महत्वपूर्ण पर्वहरुमा तीज तथा गणेश चतुर्थी पनि सूची अनुसार पर्दछन् । नेपालमा बसोबास गरीरहेका सम्पूर्ण जातजाति मध्ये मुस्लिम समुदाय बाहेक समस्त हिन्दू आदिवासी, जनजाति, दलित सहित कोही तिज र कोही गणेश चतुर्थी पर्वमा ब्रत बसी श्रद्धाभक्ति सहित पूजाआजा तथा अनुष्ठान सम्पन्न गर्छन । पुरुषहरु भन्दा महिलाहरु बढी अध्यात्मवादतिर आकर्षित र विश्वस्त हुन्छन् । जसअनुसार वर्षभरिका पर्वहरुमा उपवास बसी अनेक सामग्री सहित अनुष्ठान सम्पन्न गर्दछन् । तीज र चतुर्थीको भेद शास्त्रअनुसार देउतामा मात्र अन्तर भएको देखिएको छ । तीजमा केही दिन पहिले देखि नै पवित्र भएर बस्न, चोखो हुने नित्यकर्म गरी धार्मिक प्रवृत्तिर्फ उन्मुख हुने गर्दछन् । तीज ब्रतका महिलाहरुले आफ्ना माइत, नाता सम्बन्धि, इष्टमित्र, छरछिमेकी कहाँ ब्रतभन्दा पहिले देखि नै दर खाने गर्दछन र शान्तिसँगै आनन्दको अनुभुतिको प्रयास गर्दछन् । तीजको आराध्यदेव भनेको शिव महादेव र पार्वती हुन्) शिव पार्वतीको स्मरणमा उपवास बसि अखण्ड ब्रत धारण गरेका हुन्छन । २४ घण्टासम्म एकथोपा समेत पानी नखाइ अत्यन्त कडाईपूर्वक साधना लिनेगरेका हुन्छन् । ब्रतको उदेश्य 'सुख, शौभाग्य, शान्ति र प्रगति ' आफू बाँचुन्जेल पतिको दीर्घायुको कामना गरेका हुन्छन् । छोराछोरीको सुख, शयल तिनीहरुको जीवन उन्नति तिनीहरुको सुख, आनन्द र शान्तिको समेत कामना गरेको हुन्छ । एकातिर गणेश चतुर्थी र चौरचन पर्वमा भने गणेश भगवानको नाउँमा ब्रत बसेका हुन्छन् । गणेश चतुर्थीको ब्रतको उदेश्य भने रतिभर तीजको भन्दा फरक हुँदैन । आराध्यदेव मात्र फरक हुन्छ । तीज र गणेश चतुर्थीको देवतामा खासै अन्तर छैन । शिव भनेको महादेव भगवान शंकर हुन् । उनकी पत्नी पार्वती (माँ भगवती) हुन । निजका दुई पुत्रहरु रहेको धार्मिक पुराणहरुमा उल्लेख छन । प्रथम पुत्र कार्तिकेय र दोश्रो पुत्र गणेश । कार्तिकेयको श्रीमती छठ परमेश्वरी हुन् । जो सूर्य भगवानकी छोरी हुन् । जसको नाममा महान पर्व छठ पर्व गरिने गर्दछ । गणेशजीका दुइवटी श्रीमती छन् । एउटी ऋद्धि र अर्की सिद्धी । ऋद्धि सिद्धीले संसारका हरेक मनोरथ पूरा गर्दछन भन्ने धार्मिक ग्रन्थहरुले औल्याएका छन् । गणेश चतुर्थीमा महिलाहरु १२ घन्टा उपवास बसी पूरी, दही, केरा, नरिवल, खीर, मीष्ठान, मखान, पान, अंगुर , स्याउ , अनार र खुवा चन्द्रमाको उदय हुनासाथ अर्पण गरि अनुष्ठान सम्पन्न पछि पूर्ण विसर्जन गर्दछन् । त्यसपश्चात केही साधु र ब्राहमण भोजन गराइ तीनलाई सके अनुसारको दान, दक्षिणा दिई गणेश चतुर्थी सम्पन्न गरिन्छ । देवताहरुमा एउटा रुखका हाँगा जस्ता महादेव र पार्वतीको अंगहरुनै हुन्छन ।

फरक के छ भने तीजमा २४ घण्टा निखण्ड निराहार कठोर ब्रत बस्छन् भने गणेश चतुर्थीमा १२ घण्टामा नै सम्पूर्ण विधि समाप्त हुन्छ । ब्रतको केही आंशिक नकारात्मक असरहरु पनि छन् । कम रक्तचाप भएको महिला, ग्यासको रोगी, गर्भवती महिला, दीर्घ रोगीले अन्धविश्वसमा फसि ब्रत लिने बेलामा हौसिएर ब्रत बस्ने गरेका हुन्छन् । तर शारीरिक अवस्थामा हुने असरले स्वास्थ्य र शारीरिक अवस्था अत्यन्तै नाजुक अवस्थामा पुग्का हुन्छन् । त्यसबाट दु:ख थपिने, परेशानी बढ्ने, शरीर बिग्रने र ज्यान जोखिम हुन सक्ने खतरा समेत उत्पन्न हुने सक्ने हुँदा अन्धविश्वासको रुपमा ब्रत नअंगाली आफ्नो स्वास्थ्य र भावी जीवनप्रति ख्याल गर्नु वैज्ञानिकता र बुद्धिमानी हुन्छ । भन्नु नपरोस कुनैपनि शास्त्रमा ज्याने जाने गरि ब्रत लिने भनी उल्लेख छैन ।


## कोरोना भाईरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

हाल विश्वभरी फैलिरहेको कोरोना भाईरसबाट नेपाल उच्च जोखिममा रहेको विश्व स्वास्थ्य संगठनको प्रतिवेदन अनुसार कोरोना भाईरसबाट भइरहेको र हुन सक्ने सम्भावित जोखिमबाट बच्न कुनै किसिमको ठुलो सभा, जुलुश, मेला आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

**कोरोना भाईरसबाट बच्ने उपायहरु :**

क) भिडबाट बच्ने । ख) हिड्डुल गर्दा मास्कको प्रयोग गरौं ।ग) साबुन पानीले नियमित हात धोऔं । घ) कम पाकेको माछा, मासु नखाऔं । ङ) दही, दुध, घ्यु, पनिर आदिको सेवन गरौं । च) कुहिएको खाने कुरा नखाऔं । छ) खानेकुरा धोई पखाली राम्रोसँग पकाएर खाऔं । ज) एक आपसमा अभिवाद गर्दा नमस्ते गर्दा हात नमिलाऔं । झ) एक आपसमा शारिरिक दुरी कायम राखौं । ञ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । ट) रोग संक्रमण लागेको शंका लागेमा स्वास्थ्य तथा रोग नियन्त्रण कार्यालयको कल सेन्टरमा नं.१३३९ मा जानकारी दिनु तथा चिकित्सक सित सम्पर्क गरौं । ठ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं ।

धनगढीमाई नगरपालिका कार्यालय, सिरहा


## कार्यालय सहयोगी …

मूर्ति र शिवलिंग स्थापना, सडक योजना लगायतमा आर्थिक अनियमितता गरेको, विकासका काममा दलीय आधारमा भेदभाव गरेको लगायत माग राखी ज्ञापन पत्र बुझाएर सचेत गराएपनि गाउँपालिका अध्यक्ष रामबल्लभ साह मनोमानी ढंगेले चलेपछि गाउँपालिकामा विरोध गर्न बाध्य भएको बताउँदै आएका छन् । उता गाउँपालिका अध्यक्ष रामवल्लभ साहले कांग्रेस र नेकपाले आफूमाथि लगाएको आरोप प्रमाणित भए नेपालको प्रचलित कानुन वमोजिम कारबाही भोग्न तयार रहेको बताउँदै आएका छन् । यसअघि २०७६ मंसिर २२ मा विपक्षीको विरोधकैं क्रममा लक्ष्मीपुर पतारीमा झडप भएको थियो ।

# स्थानीय सरकारको वर्तमान अवस्था

**पालिका बहस**

**हेमराज अर्याल**



शासन प्रणालीमा आम नागरिकको अर्थपूर्ण सहभागिता प्रवर्द्धन गर्न एवं स्थानीय आवश्यकताको सही सम्बोधनका लागि स्थानीय सरकारको भूमिका महत्वपूर्ण हुन्छ । नेपालमा स्थानीय तहमा निर्वाचन भएको कार्यकाल सकिन दुइवर्ष मात्र बाँकी छ । स्थानीय सरकार साच्चै कामयावी भएको भए बितेका वर्षमा दर्शनीय परिवर्तन भइसक्नुपर्ने थियो । तर, त्यस्तो हुन सकेको देखिन्दैन । निर्वाचन नतिजाको दम्भ, क्षमता अभाव, जनशक्ति अभाव तथा विकासमुखी सोच अभावजस्ता कारणले स्थानीय विकासलाई थप जर्जर बनाएको छ । केन्द्रीकृत प्रणालीमा लामो समयसम्म अभ्यस्त भएको हाम्रो जस्तो मुलुकमा ज्यामितीयरुपमा भएको परिवर्तनलाई स्थानीय तहले धान्न सकेको देखिन्दैन ।

विकासका नाममा सीमित कार्यकर्तामुखी एजेन्डा र आपसी भागबन्डाले 'स्थानीय सरकार जनताको सरकार' बन्न सकेको छैन । कतिपय कुराहरुमा संघीय सरकारबाट हस्तक्षेप नगरेमा स्थानीय तहको भविष्य राम्रो देखिन्दैन ।

### स्थानीय सरकारको वर्तमान अवस्था

#### राजनीतिक दाउपेच

निर्वाचनमा विजयी भएको राजनीतिक दलले अर्को दललाई दबाबमा राख्ने तथा एकलौटी रुपमा निर्णय गर्ने परिपाटी देखिएको छ । स्थानीय सरकारका कारण हिजो केन्द्रमा हुने राजनीतिक खिचातानी र मनोमालिन्य गाउँमा सरेको छ । आ ँना कार्यकर्तालाई बजेट बाँड्ने ध्याउन्न सबै राजनीतिक दलको छ । यसले राष्ट्रिय स्वार्थभन्दा पनि दलीय स्वार्थलाई प्रश्रय दिएको छ, जुन स्थानीय विकासका लागि घातक शिवाय केही होइन ।

#### कर्मचारी अभाव

संवैधानिक प्रावधान अनुसार न कर्मचारी समायोजनले गति लिन सकेको छ न त प्रदेश लोकसेवा आयोग बनी पदपूर्तिको काम नै भएको छ । लामो समयसम्म कर्मचारीको रित्तता रहँदा कार्यसम्पादन शून्यमा झरेको छ । स्थानीय तहलाई जबरजस्ती थुपारिएका कामहरुको तुलनामा कर्मचारीको दरबन्दी अत्यन्तै न्यून छ । जसोतसो काममा पठाएका कर्मचारीहरु पनि दक्ष छैनन् । अनुभव नहुँदा उनीहरु पनि जनप्रतिनिधिहरुको दास बन्नुपरेको देखिन्छ । एकातर्फ दक्ष कर्मचारीको अभाव छ भने अर्कातर्फ ठूलो संख्यामा प्राविधिक तथा तल्लो स्तरका कर्मचारीहरु राजनीतिक सिफारिसमा करारमा राखिएका छन् । यसले कर्मचारी व्यवस्थापनमा असहजता मात्रै होइन, अस्तव्यस्तता नै सिर्जना गरेको छ ।

#### जनप्रतिनिधिको क्षमता

निर्वाचनमा विजयी हुनेबित्तिकै नीति निर्माता हुने लोकतान्त्रिक परम्परा नै गलत देखिएको छ । सिद्धान्त अनुसार राजनीतिले नीति निर्माण गर्ने र प्रशासनले कार्यान्वयन गर्ने हो । हिजोसम्म प्राथमिक विद्यालयमा शिक्षण गर्ने शिक्षक, हिजोको ठेकेदार, हिजोको छुल्याहा अध्यक्ष, उपाध्यक्ष, नगर प्रमुख, उपप्रमुखमा बहाली भएको छ । उसले विकासका लागि नीतिगतरुपमा सोच्ने र क्षमता विकास गर्ने समय पनि भएन र सोच पनि भएन । जसका कारण न कर्मचारीले भनेको मान्ने न आफैले जान्ने भनेजस्तै भएको छ । जनप्रतिनिधिको सोच, क्षमता, प्रतिवद्धता र निष्पक्षताको अभावमा निर्दिष्ट कानुनहरु पनि पूर्णरुपमा पालना भएका छैनन् । योजना, बजेट तथा कार्यक्रम उपयुक्त बन्न सकेका छैनन् । जसले गर्दा कार्यान्वयनमा प्रत्यक्ष प्रभाव परेको छ ।

#### एघारौं घण्टा प्रवृत्ति

समयमा काम नगर्ने र 'जब राति अनि बूढी ताती' भनेझैं अन्तिम समयमा हतारमा काम सम्पन्न गर्ने प्रवृत्ति संस्कारमा स्तोन्नति भएको छ । जसले गर्दा काममा गुणस्तरको त कुरै छाडौं कतिपय सम्पन्न नै नभएका कामको पनि बिल बनाई भुक्तानी लिएको समेत पाइएको छ । अन्तिम समयमा काम गर्दा सबैलाई हतार भइसक्ने हुँदा आ ँनो स्वार्थ पूर्तिका कामहरु गर्न पाउने विकासे छिद्र कायम रहने भएकाले सबै राजनीतिक दललाई यो प्रवृत्ति मनपरेको हुन सक्छ । यस्तो प्रवृत्तिले उपयुक्त योजना बन्न सकेको छैन । र, यसको उपयुक्त कार्यान्वयन पनि हुन सकेको छैन ।

#### सोच

स्थानीय तह र विगतका स्थानीय निकायबीचको अन्तरको बुझाईको अभाव देखिएको छ । स्थानीय तहका लागि प्राप्त समानीकरण अनुदान तथा सशर्त अनुदानलाई विनियोजन होइन बाँड्ने प्रचलन छ । यसले गर्दा योजनाका लागि भन्दा पनि केही कार्यकर्ताका लागि बिल बनाई भुक्तानी लिने गरी तय भएका योजना अधिक देखिएका छन् । स्थानीय तहको सभा र कार्यपालिकाको बैठक बस्ने विधि, परम्परा र कार्यविधि तयार गरिएका छन् । तर, कार्यान्वयन भएका छैनन् । बैठकहरु होहल्ला जस्ता भएका छन् । एकअर्कामा आदरभाव छैन । आ–आ ँनो डम्फू सबैले बजाएका छन् । यस्ता प्रवृत्तिले जनप्रतिनिधिको सोच फराकिलो बन्न सकेको छैन । बरु तलब भत्ता तथा सुविधामै रमाउने संस्कारको बिजारोपण भएको छ ।

#### सुशासन र वित्तीय अनुशासन

स्थानीय तहमा विगतभन्दा धेरै बजेट संघ र प्रदेशबाट प्राप्त भएको छ । नयाँ संरचनाहरु तयार गर्नुपर्ने समय पनि यही नै हो । यो अवस्थामा अधिकांश स्थानीय तहको आर्थिक कारोबार सुशासनयुक्त भएको छ भन्न नसकिने पर्याप्त उदहारणहरु छन् । पाइएको अनुदानलाई जनप्रतिनिधिले आफूलाई आएको जस्तो सोच्ने प्रवृत्ति छ । विलासिताका साधनमा बजेट खर्च भएको छ । सुशासनका न्युनतम् शर्त पनि पालना भएका छैनन् । पारदर्शी व्यवहार छैन । विकासका ठेकेदार सम्झनेहरुले स्थानीय सरकारलाई नै प्रतिस्पर्धाबाट प्राप्त भएको ठेक्कासरह व्यवहार देखाएका छन् ।

माथि उल्लिखित अवस्था अहिले स्थानीय सरकारका मुख्य समस्या हुन् । साविककै सोच, क्षमता र जनशक्तिमा परिवर्तन नहुने हो भने राज्यले संघीयताका माध्यमबाट सशक्त स्थानीय सरकारमार्फत् गरेको समृद्ध राष्ट्रको परिकल्पना साकार कदाचित् नहुने निश्चित छ । यसर्थ यस्ता प्रकारका समस्यालाई तृणमूलदेखि नै समाप्त पार्न तत्काल देहायबमोजिमका उपाय अवलम्बन गर्नुपर्ने देखिएको छ ।

#### संघीय सरकार र प्रदेश सरकारको हस्तक्षेप

नेपालको संघीयता अझैपनि नावालक नै रहेको हुँदा संघीयताको मूल मर्मविपरित नहुने गरी विशेषतः संघीय सरकारबाट स्थानीय तहमा केही सकारात्मक हस्तक्षेपको खाँचो देखिएको छ । सशर्त अनुदान जस्तै वित्तीय समानीकरण अनुदानको पनि मार्गदर्शन समेत तयार गरी पठाउँदा राम्रो हुन्छ । केही वर्षपछि स्थानीय सरकार आफैमा सक्षम भएपश्चात् कार्यविधि निर्माण गरी व्यवस्थितरुपमा कार्यसम्पादन गर्न सकिने देखिन्छ । स्थानीय सरकार एकतन्त्रीय सरकार होइन, यो सरकारले जे निर्णय गरे पनि हुन्छ भन्ने प्रवृत्तिलाई जरैबाट उन्मूलन गर्न आवश्यक छ ।

#### योजना छनोट तथा व्यवस्थापन

बजेट सक्ने प्रयोजनका लागि योजना छान्ने प्रणालीको अन्त्य हुनुपर्छ । आवश्यक योजनाको खाका तयार गर्ने र प्राथमिकताका आधारमा क्रमैसँग बजेटको दायरा समेत विचार गरी योजनागतरुपमा बजेट विनियोजन गर्नुपर्छ । उत्पादनमूलक क्षेत्रभन्दा मन्दिर, पाटी पौवा, चौतारोलगायतका अनुत्पादक क्षेत्रमा रकम विनियोजन गर्ने प्रणालीको तुरुन्तै अन्त्य गरिनुपर्छ । यसका लागि योजना व्यवस्थापन सम्बन्धी एकीकृत मापदण्ड तयार गरी कार्यान्वयन गर्नुपर्छ ।

#### पारदर्शिता र सुशासन

स्थानीय तहका निर्णय तथा गतिविधिहरु पारदर्शी हुनुपर्छ । निर्णयमा सबैको पहुँच हुनुपर्छ । यसका लागि स्थानीय तहको वेबसाइट तथा सूचना पाटीमा हरेक पटक भएका बैठकको निर्णय सार्वजनिकीकरण गर्नु उपयुक्त हुन्छ । हरेक महिनाको आय–व्यय विवरण सबै स्थानीय सरकारले सार्वजनिक गर्नुपर्छ । यसले वित्तीय पारदर्शितालाई बलियो बनाउँछ ।

#### स्थानीय तहको कार्यबोझ

संघीय सरकारले जिल्लास्थित लगभग सबै कार्यालयहरुको जिम्मेवारी स्थानीय सरकारलाई हस्तान्तरण गरिरहेको छ । तर, अझै पनि जिल्लामा राखिएका समन्वय एकाई जस्ता कार्यालयहरुको भूमिका के रहने, उनीहरुको स्थानीय तहसँगको समन्वयको आधार के कस्तो रहने जस्ता विषय अन्योलमा छन् । कार्यबोझका आधारमा दक्ष कर्मचारीको अभाव हुँदा सबै काम सुरु हुन सकेका छैनन् । यसका लागि काम अनुसारका न्यूनतम् कर्मचारी तथा विज्ञहरु स्थानीय सरकारका लागि खटाउनुपर्ने हुन्छ ।

#### उपसंहार

स्थानीय सरकार अहिले 'बाँदरको हातमा नरिवल' जस्तो भएको छ । यसका संयन्त्रले न राम्रोसँग सञ्चालन गर्न सकेका छन्, न छोड्न नै । दूरदृष्टि बिनाको कार्यसम्पादनले भविष्यमा संघीयताको औचित्यमाथि नै प्रश्न चिन्ह खडा हुने चुनौती थपिएको छ । यद्यपि सुधारिन चाहने हो भने स्थानीय प्रतिनिधि, सरकार, कर्मचारी तथा अन्य सरोकारवालाले सामूहिक स्वार्थका लागि व्यक्तिगत स्वर्थको त्याग गरे अझै पनि सुधार गर्न सकिने समय छ । *प्रशासन अनलाईनबाट*

## प्रदेश २ को ...

- नेपालकै एकमात्र सुख्खा बन्दरगाह वीरगंज, पर्सामा रहेको
- निजगढमा अन्तर्राष्ट्रिय विमानस्थलको निर्माण भइरहेको
- काठमाडौं निजगढ जोड्ने फास्ट ट्र्याकको निर्माण कार्य भइरहेको
- कोसीटप्पु वन्यजन्तु आरक्ष, अर्ना पाइने पर्सा वन्यजन्तु आरक्ष, छिन्नमस्ता भगवती मन्दिर, धनुषाधाम, जानकी मन्दिर, गढीमाई जस्ता पर्यटकीय स्थल भएको
- उत्पादित वस्तु तथा समानहरुलाई सजिलै अन्य प्रदेशका साथै भारत निर्यात गर्न सकिने
- यस्तो कामदारको उपलब्धता
- हुलाकी राजमार्गको सुचारु तथा प्रदेश २ हुदैं पूर्व पश्चिम रेलमार्गको निर्माण
- समतल भूभाग
- प्रशस्त खेतीयोग्य जमिन
- बढी जनघनत्व आदि ।
- प्रदेश नं २ का चुनौतिहरु सगरमाथा भूभाग, अत्याधिक जनघनत्व, उच्च प्रतिव्यक्ति आयू, प्रशस्त खेतीयोग्य जमिन जस्ता सम्भावनाहरु हुँदाहुँदै यस प्रदेशका केही चुनौती समेत रहेको छन । जुन चुनौतीहरुलाई अवसरको रूपमा लिई सामाधान गर्न सके यो प्रदेश देशकै एक समृद्ध प्रदेश बन्न सक्छ । यी चुनौतीहरु निम्न अनुसार रहेका छन ।
- परम्परागत कृषिप्रणालीमा परिवर्तन गरी आत्मानिर्भर कृषिप्रणाली अपनाउन
- सिँचाइको असुविधा हटाउन
- भारतसँगको खुल्ला सिमानाका कारण भइरहेको अपराधिकरण रोक्न,
- बाल विवाहको निवारण
- बढ्दो दहेज प्रथाको अन्त्य
- गुणस्तर शिक्षाको उपलब्धता
- गुणस्तरीय स्वस्थ्य सेवाको पहुंच
- बढ्दो बैदेशिक रोजगारका कारण उत्पन्न सामाजिक साँस्कृतिक जटिलताहरु हटाउन
- सरसफाइमा पहुँच पुर्याउन
- बेरोजगारीको अन्त्य गर्न
- लैंगिक हिंसमको अन्त्य गर्न
- विकास निर्माणको कार्यमा सुशासन कायम गर्नु
- महिलाको सामाजिक आर्थिक राजनैतिक क्रियाकलापमा सहभागिता बढाउन आदी ।

**निष्कर्ष**

शिक्षा, स्वास्थ्य, मानव विकास सूचक, सरसफाइ, जलविद्युतमा पछाडी रहेपनि समथर भूभाग, प्रशस्त खेतियोग्य जमिन, देशको कुल ग्रर्हस्थ उत्पादनमा कृषि, मत्स्यपालन र उद्योगको क्षेत्रगत योगदान बढी रहेकाले राम्रोसंग व्यवस्थायन गर्न सकेको खण्डमा यो एक समृद्द प्रदेश बन्न सक्ने छ । मधेसी बाहुल्यता रहेको यो प्रदेश कृषि, उद्योग पर्यटन, भन्सारका लागि अति महत्वपूण छ । तथापि अबको प्रादेशिक तथा स्थानिय सरकारले परिवेश अनुकुलको विकास गर्न सके प्रदेश २ चाडैं समृद्ध हुनेमा कुनै सन्देह छैन ।


## कोरोना भाईरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

**हाल विश्वभरी फैलिरहेको कोरोना भाईरसबाट नेपाल उच्च जोखिममा रहेको विश्व स्वास्थ्य संगठनको प्रतिवेदन अनुसार कोरोना भाईरसबाट भइरहेको र हुन सक्ने सम्भावित जोखिमबाट बच्न कुनै किसिमको ठुलो सभा, जुलुश, मेला आदि नगर्न नगराउनको लागि अनुरोध छ ।**

**कोरोना भाईरसबाट बच्ने उपायहरु :**

**क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) कम पाकेको माछा, मासु नखाउँ । ङ) दही, दुध, घ्यु, पनिर आदिको सेवन गरौं । च) कुहिएको खाने कुरा नखाउँ । छ) खानेकुरा धोई पखाली राम्रोसँग पकाएर खाउँ । ज) एक आपसमा अभिवाद गर्दा नमस्ते गर्दा हात नमिलाउँ । झ) एक आपसमा शारिरिक दुरी कायम राखौं । ञ) खोक्दा वा हाच्छु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । ट) रोग संक्रमण लागेको शंका लागेमा स्वास्थ्य तथा रोग नियन्त्रण कार्यालयको कल सेन्टरमा नं.१३३९ मा जानकारी दिनु तथा चिकित्सक सित सम्पर्क गरौं । ठ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं ।**

**सखुवानन्कारकट्टि गाउँपालिका कार्यालय, सिरहा**

छोराछोरीलाई समान शिक्षा दिऊ । जनहितमा जारी लहानपोस्ट्


लहानपोस्ट् दैनिकका लागि प्रकाशक : भरत जर्घामगर, सम्पादक : शम्भु कुमार यादव, कानुनी सल्लाहकार : सन्तोष सुवेदी कम्प्यूटर ले–आउट : महेन्द्र चौधरी
कार्यालय :लहान नगरपालिका–१०, सिरहा फोन नं. ०३३५६१९६७, ९८५२८२४९६७, ९८५२८३९३१५ website : www.lahanpost.com , e-mail : lahanpost@gmail.com मुद्रक : न्यू यदुवंशी अफसेट प्रेस, लहान,(सिरहा)